# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## गन्यापधुरा गाउँपालिका

## डँडेलधुरा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## गन्यापधुरा गाउँपालिका

### डँडेलधुरा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## गन्यापधुरा गाउँपालिका

डँडेलधुरा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, सुदूरपश्चिम प्रदेश**

पत्र संख्याः २०७९।८०
च.नं. ५२३

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
गन्यापधुरा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
डडेल्धुरा ।

**कैफियत सहितको राय**

हामीले गन्यापधुरा गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.२ करोड ६ लाख ७६ हजार बेरुजू देखिएको छ। सोमध्ये बाँकी बेरुजू प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ८२ लाख १८ हजार, नियमित गर्नुपर्ने रु.७ लाख ६८ हजार र पेश्की रू.१६ लाख ९० हजार रहेको छ ।गाउँपालिकाको गतवर्ष सम्म रू.२ करोड ७ लाख २७ हजार बेरुजू बाँकी रहेकोमा सम्परीक्षणबाट फर्स्यौट एवं यो वर्ष कायम भएको बेरूजू समेत हालसम्मको अद्यावधिक बेरुजू रू.३ करोड ५९ लाख ९ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(ताराप्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

गन्यापधुरा गाउँपालिका, डडेल्धुरा

## १. चालु वर्षको बेरुजू २०७८।७९

### १.१. बेरुजू बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रू. हजारमा)*

| प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४२ | ११ | २०६७६ | ० | ० | ० | ४२ | ११ | २०६७६ | ० | ७६८ | १८२१८ | ० | ० | १८९८६ | १६९० |

## २ अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रू. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजू | यो वर्षको बेरुजू | कुल बेरुजू बाँकी |
|---|---|---|---|---|---|---|---|
| गन्यापधुरा गाउँपालिका, डडेल्धुरा | २०७२७ | ० | ५४९४ | १५२३३ | ० | २०६७६ | ३५९०९ |

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : गन्यापधुरा गाउँपालिका, डडेलधुरा , गनयापधुरा गाउँपालिका , डँडेलधुरा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | दिलिप कुमार तामाङ | २०७६-६-६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | पुजा कूमारी भट्ट | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | २०,६७६,४४९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १,०४,१०,२०७.७२ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २९,४९,५३,४११.३८ | **चालु खर्च** | २३,८६,३६,४९९.५४ |
| **प्रदेश सरकारबाट अनुदान** | १,८२,३२,६७७.५९ | **पूँजीगत खर्च** | १२,६४,४४,७०४.०२ |
| **राजश्व बाँडफाँट** | ६,०५,४८,५०२.१४ | **वित्तीय/अन्य व्यवस्था** | ८,९४,९३,५४३.५४ |
| **आन्तरिक आय** | ५०,९७,६३६.५२ | | |
| **अन्य आय** | ९,०४,५९,५३५.०६ | | |

| | | | |
|---|---|---|---|
| **कुल आय** | ४६,९२,९१,७६२.६९ | **कुल खर्च** | ४५,४५,७४,७४७.१ |
| **बाँकी मौज्दात** | | २,५१,२७,२२३.३१ | |

| **क्रम** | **भौचर नम्बर** | **भौचर मिति** | **बिषय** | **बेरुजु रकम** |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गन्यापधुरा गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ५ वडा, २८ सभा सदस्य, १३५.६५ वर्ग किलोमिटर क्षेत्रफल तथा १५०९३ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरिक्षण** - लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७९।०५।१२ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् : | |
| ३ | | | **आन्तरिक नियन्त्रण प्रणाली :**<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्याकं संकलन अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नमा गरेको पाइएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । | |

| | | | | |
|---|---|---|---|---|
| | | | • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नमा तयार गरेको पाइएन । स्थनीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष सुरु हुनुभन्दा १५ दिन अगावै पालिकाले आफ्नो क्षेत्र भित्रको निर्माण सामाग्री मूल्य ज्याला भाडा तथा अन्य महशुलको स्थानीय न्यूनत्तम दररेट तोक्नुपर्नेमा तोकिएको पाइएन९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको पाइएन ।य<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• वातावरण संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार नगरेको , सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को व्यवस्था अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्ने गरेको देखिएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (७४ ) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४ | | | **लक्ष्य प्रगति :**<br><br>कार्यालयले चौमासिक र बार्षिक स्तरको प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ । | |

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिती | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| **कार्यक्रम संख्या** | ४६ | ० | ० | ० | ४६ |

५

**चौमासिक पुँजीगत खर्च :**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| क.स.स | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| | चालु खर्चतर्फ | २३८६३६४९९ | ५७४४१६४४ | ७७७९५७६५ | १०३३९९०८८ | ५३९९२०२३ |
| | पूँजिगत खर्चतर्फ | १२६४४४७०४ | २८२४०२० | ३२९४११९४ | ९०६७९४८९ | ५४२४५९३७ |
| | जम्मा | ३६५०८१२०३ | ६०२६५६६४ | ११०७३६९६० | १९४०७८५७८ | १०८२३७९६० |
| | प्रतिशत | १०० | १६ | ३० | ५४ | २९ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार बार्षिक रु.३६५०८१२०३ निकासा भएकोमा प्रथम चौमासिकमा रु.६०२६५६६४ अर्थात १६ प्रतिशत, दोश्रो चौमासिक मा रु.११०७३६९६०,अर्थात ३० प्रतिशत र तेश्रो चौमासिक मा रु.१९४०७८५७८, अर्थात ५४ प्रतिशत खर्च गरेको

<table>
<tr><td></td><td></td><td></td><td>देखिएको छ।यसरी नै आषाढ महिनामा मात्र रु.१०८२३७९६० अर्थात २९ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ।</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>कोभिड तर्फ :</td><td></td></tr>
<tr><td>६.१</td><td></td><td></td><td>कोभिड १९ को विरुद्ध खोप अभिया न सञ्चालन व्यवस्थापन खर्च रु.१२४९८०।— कोभिड १९ को सिकाई सहजीकरणको लागि शैक्षिक कार्यक्रम बाट स्मार्ट टि.भी. १० थान खरिद भै गाउँ कार्यपालिकाको प्रथम बैठकबाट मिति २०७९।०४।०५ को निर्णय अनुसार १० वटाविद्यालयलाई हस्तान्तरण गर्ने रु.५९३२५०।— जम्मा रु ७१८२३०।— खर्च देखिन्छ । हाल सम्म उक्त टि.भी. कार्यक्रमको उद्देश्य अनुरुप विद्यालयलाई हस्तान्तरण भएको पाइएन नसर्थ उक्त टी भि विद्यालयलाई हस्तान्तरण गरेको प्रमाण पेश गर्नुपर्ने रू.</td><td>७१८,२३०</td></tr>
<tr><td>६.२</td><td></td><td></td><td><table>
<tr><td>आम्दानीस्रोत</td><td>रकमरु.</td><td>खर्चशिर्षक</td><td>रकमरु.</td></tr>
<tr><td>गतबर्षको बाँकी</td><td>४१८४६९.२३</td><td>राहत वितरण</td><td>१४९८२६५.००</td></tr>
<tr><td>स्थानीयतहको आफ्नै बजेट वाट</td><td>२००००००.००</td><td>क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन</td><td>०</td></tr>
<tr><td>संघीय कोभिड कोषवाट</td><td>०</td><td>औषधी एवं स्वास्थ्य उपकरण खरिद</td><td>०</td></tr>
<tr><td>प्रदेश कोभिड कोषवाट</td><td>०</td><td>आइसोलेसन केन्द्र निर्माण</td><td>७६०३७५.००</td></tr>
<tr><td>अन्य स्रोतबाट</td><td>०</td><td>खोप कार्यक्रमखर्च</td><td>०</td></tr>
<tr><td></td><td></td><td>जोखिम भत्ता</td><td>०</td></tr>
<tr><td></td><td></td><td>अन्य खर्च</td><td>१५९८२९.००</td></tr>
<tr><td></td><td></td><td>बाँकी</td><td>०.२३</td></tr>
<tr><td>जम्मा</td><td>२४१८४६९.२३</td><td>जम्मा</td><td>२४१८४६९.२३</td></tr>
</table></td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>सम्पत्ति हस्तान्तरण : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>लगत खाता २०७९ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार गरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईयो ।</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>आर्थिक सहायता र अन्य विविध खर्च :</td><td></td></tr>
<tr><td>८.१</td><td></td><td></td><td>आर्थिक सहायता – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु २९९००० । आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>८.२</td><td></td><td></td><td>महोत्सव तथा अन्यखर्च– स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिनसक्ने कानूनी व्यवस्था गरेको देखिंदैन।तर गाउँपालिकाले यसवर्ष उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमारु.४६१११८ । खर्चगरेकोछ। यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।
<table>
<tr><th>भौ न</th><th>मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>८१</td><td>७८।८।१५</td><td>बडाल मेला व्यवस्थापन</td><td>१०१९६८</td></tr>
<tr><td>१५८</td><td>७८।९।२६</td><td>दिपावलीको अवसरमा भलिवल प्रतियोगिता</td><td>१५१६५०</td></tr>
<tr><td>४२४</td><td>७९।३।२१</td><td>अध्ययन अबलोकन भ्रमण</td><td>१०६०००</td></tr>
<tr><td>२०६</td><td>७८।८।२४</td><td>तिज तथा गौरा पर्व</td><td>५००००</td></tr>
<tr><td>७०३</td><td>७९।१।१४</td><td>नारी दिवस</td><td>३६५००</td></tr>
<tr><td>८५६</td><td>७९।३।८</td><td>नारी दिवस</td><td>१५०००</td></tr>
<tr><td></td><td></td><td>कुल जम्मा</td><td>४६१११८</td></tr>
</table></td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>बजेट तथा कार्यक्रम</td><td></td></tr>
<tr><td>९.१</td><td></td><td></td><td>बजेट सीमा निर्धारण समिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरि ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा गर्ने गरेको छ । | |
| ९.२ | | | **अबण्डा बजेट** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस स्थानीयतह ले यो बर्ष रु७५ लाख अबण्डा राखेको छ। उक्त अबण्डा रकम गाउँसभाको मिति २०७८।०९।२९ को निर्णयबाट पुजीगत तर्फ गौली गाउँ खानेपानी शीर्षकमा रु.२६,१८,०६०।४४ बजेट व्यवस्था गरी खर्च गरेको छ। बजेट अबण्डा मा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ। | |
| ९.३ | | | **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरी बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिएको छ । | |
| ९.४ | | | **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| **क.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत जम्मा खर्चको तुलनामा** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २३९०७००० | २१४११०१६।९७ | ८९।५६ |
| २ | पूर्वाधार विकास | ६७१८५५०० | ६३३३८८३५।१० | ९४।२७ |
| ३ | सामाजिक विकास | २२७०६९००० | १८९९००८६४।९९ | ८३।६३ |

| | | | | |
|---|---|---|---|---|
| ४ | बातावरण तथा विकास | २०००००० | २०००००० | १०० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १७५४००० | १५९७५०२ | ९५ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १०४४३१४६३ | ८६८३२९८४ | ८३ |
| **जम्मा** | | ४२६३४६९६३ | ३६५०८१२०३ | ८५ |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये वातावरण तथा विकासमा सबैभन्दाबढी १०० प्रतिशत र अन्य कार्यालय संचालन तथा प्रशासनीकमा सबैभन्दा घटीमा ८३ प्रतिशत रहेको छ।

| | | | | |
|---|---|---|---|---|
| १० | | | **संगठन तथा कर्मचारी व्यवस्थापन :** | |
| १०.१ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ४० जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका २३ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १०.२ | | | **कर्मचारी करार** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ८२ जना कर्मचारीहरु करारमा राखि रु८६९३२७३।- खर्च लेखेको छ । | |
| १०.३ | | | **वडा सचिवको पदपूर्ति :** पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ । | |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>वडा संख्या</td><td>वड सचिवको दरबन्दी</td><td>वडा सचिवको पदपूर्ति</td><td>रिक्त वडा सचिव</td></tr>
<tr><td>५</td><td>५</td><td>२</td><td>३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१०.४</td><td></td><td></td><td>कल्याण कोष– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.३०००००।- ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्ने रू.
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको/फर्म/संगठन नाम</th><th>असुली रकम</th></tr>
<tr><td>१०.४.१</td><td>कर्मचारी कल्याण कोषको रकम सञ्चित कोष दाखिला गर्नुपर्ने</td><td>३,००,०००</td></tr>
</table>
</td><td>३००,०००</td></tr>
<tr><td>११</td><td></td><td></td><td>पेश्की :</td><td></td></tr>
<tr><td>११.१</td><td></td><td></td><td>यस पालिकाको यस आर्थिक वर्षको म्याद ननाघेको पेश्की निम्नानुसार रहेको छ । यथाशिघ्र पेश्की फर्छ्यौट गर्नुपर्दछ।
<table>
<tr><td>गो.भौ.नं.</td><td>मिति</td><td>पेश्की लिनेको विवरण</td><td>रकम</td></tr>
<tr><td>११६</td><td>०७९।०३।०५</td><td>सोवर्णभिभा जे.भी.</td><td>३९२८०००।-</td></tr>
<tr><td rowspan="7">७४</td><td rowspan="7">०७९।०३।२४</td><td>उद्धव बहादुर बोहरा</td><td>२००००।</td></tr>
<tr><td>कमलिदेविटमटा</td><td>२००००।</td></tr>
<tr><td>कुस्मा देवी सार्की</td><td>२००००।</td></tr>
<tr><td>टेक बहादुर देउवा</td><td>२००००।</td></tr>
<tr><td>नन्दादेवी भट्ट</td><td>२००००।</td></tr>
<tr><td>मन्दीर भुल</td><td>२००००।</td></tr>
</table>
</td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | | मान बहादुर महता | २००००। |
| | | यदुविर कार्की | २००००। |
| | | ललित बहादुर कार्की | २००००। |
| | | सिद्धलोहार | २००००। |
| ७५ | ०७९।०३।२४ | डमरुदेव भट्ट | २००००। |
| | | नन्दा देवी कठायत | २००००। |
| | | महान्त भट्ट | २००००। |
| | | शारदा देवी लुहार | २००००। |
| ७६ | ०७९।०३।२४ | गोरे ढोली | २००००। |
| | | मन्दिर टमटा | २००००। |
| | | यशोदा रावल | २००००। |
| | | राम ओझा | २००००। |
| | | विर बहादुर साउँद | २००००। |
| १ | २०७९।०२।१८ | सुवर्ण भिभा जे.भी. | ५७१४०००। |
| २ | २०७९।०३।०५ | सुवर्ण भिभा जे.भी. | १७८६०००। |
| | | | ७८८०००० |

| | | | | |
|---|---|---|---|---|
| ११.२ | | | यस पालिकाको म्याद नाघेको पेश्की निम्नानुसार रहेको छ । समयमै पेश्की फछ्र्यौट गर्नुपर्ने रू. | १,६९०,११२ |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>गो.भौ.नं.</td><td>मिति</td><td>पेश्की लिनेको विवरण</td><td>रकम</td></tr>
<tr><td>३५</td><td>२०७९।०१।१९</td><td>मालिका इन्जिनियरिङ्ग एण्ड मेकानिकल वर्कस् प्रा.लि.</td><td>५२४०७५।-</td></tr>
<tr><td>१२</td><td>०७८।०७।०९</td><td>सामुदायिक स्वास्थ्य इकाइ भात्काँडा</td><td>४४००।-</td></tr>
<tr><td>४१</td><td>०७९।०२।१०</td><td>कोराल ट्रस्ट पुल निर्माण उ.स.</td><td>७८७९७७।९२</td></tr>
<tr><td>४८</td><td>०७९।०२।१६</td><td>श्री डुम्राखोली स्टिल ट्रस्ट पुल निर्माण उ.स.</td><td>३७३६५९।३९</td></tr>
<tr><td></td><td></td><td>कुल जम्मा</td><td>१६९०११२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>विपद् व्यवस्थापन कोष – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा २३ (१४) मा विपद व्यवस्थापनका लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिए बमोजिम हुने व्यवस्था छ । गाउँपालिकाले गत वर्षको मौज्दात समेत २४१८४६९।२३ आम्दानी भइ २४१८४६९।- खर्च गरी बाँकी ०।२३ देखिन्छ । सो खर्च मध्ये कार्यपालिकाको निर्णय बमोजिम ४ वटा वडा कार्यालयहरुलाई कोभिड १९ को खर्च रु.११९३२६५।— भएको छ ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>कार्ययोजना<br><br>विपद्जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा (२) को १७,(विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६ को नियम ८ मा) स्थानीय विपद् व्यवस्थापन कार्यकारी समिति बाट/कार्यकारी कर्तव्य र अधिकारमा परिषद् समिमितको काम स्वीकृत एकीकृत क्षेत्रगत एकीकृत क्षेत्रगत निति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने विपद् पूर्व सबै पक्षको समन्वय र संलग्न गराउने बजेट विनियोजन गर्न लगाउने, ऐ, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, नगरेको अनुगमन गर्ने/ कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी, घरपरिवारको पहिचान गर्ने गराउन सम्बन्धी व्यवस्था छ । पालिकामा लागु गरि ऐन तथा नियमावलीमा तोकिएका कार्यहरु गराउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>खरिद तथा ठेक्का अभिलेख :</td><td></td></tr>
<tr><td>१४.१</td><td></td><td></td><td>ठेक्का व्यबस्थापनः सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । गाउँपालिका बाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छः(रु.हजारमा)</td><td></td></tr>
</table>

| कुल निर्माण खर्च | सोझै खरिद | | सिलबन्दी दरभाउपत्र | | बोलपत्र | | तेश्रो चौमासिकमा व्यवस्था भएको | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १३ | ४ | २८०२४२५।८० | १ | १९९९३६७।०१ | ८ | १७४६३७०४।६४ | ६ | ८९२४८६२।४८ |

| | | | | |
|---|---|---|---|---|
| १४.२ | | | **बार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । पालिकाले आफ्नो खरिद नियमावली बनाइ उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना बनाई खरिद कार्य गरेको देखियो । पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| १५ | | | **कानुन र सञ्चालन स्थिति :** | |
| १५.१ | | | **कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ६७ वटा ऐन, २० वटा नियमावली, ४ कार्यविधि लगायत ४३ वटा कानुन निर्माण गरी स्थानीय राजपत्रमा प्रकाशन गरी कार्यान्यनमा ल्याएको छ । | |
| १५.२ | | | **न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नरहेको र यो बर्ष कुल ५ विवाद दर्ता भएकोमा ३ वटा मात्र फछ्र्यौट भई २ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १६ | | | **कर तथा शुल्क असुली** | |

<table>
<tr><td></td><td></td><td></td><td>
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल बिरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>एकीकृत सम्पत्ति कर र घरजग्गा कर</td><td>२९५००००।-</td><td>४०४८५६८.५२</td><td>१३७.२४</td></tr>
<tr><td>घरजग्गा वहाल कर</td><td>१५००००।-</td><td>४९९०६८।-</td><td>३३२.२७</td></tr>
<tr><td>व्यवसाय कर</td><td>४०००००।-</td><td>५५००००।</td><td>१३७.५</td></tr>
<tr><td>वहाल विरौटी शुल्क</td><td>०</td><td>०</td><td>०</td></tr>
</table>
पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।
</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>कर दस्तुर एवं आन्तरिक आय</td><td></td></tr>
<tr><td>१७.१</td><td></td><td></td><td>राजश्व दाखिला : आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ५ वटा वडा पालिका प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छ ।</td><td></td></tr>
<tr><td>१७.२</td><td></td><td></td><td>व्यवसाय कर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु ५५००००।- कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><td>१७.३</td><td></td><td></td><td>राजश्व अभिलेख : कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सबै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>आन्तरिक आय तर्फ :</td><td></td></tr>
<tr><td>१८.१</td><td></td><td></td><td>आयको अनुमानः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमानिर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थाप नगर्न सक्ने ब्यवस्था छ। पालिकाले पेश गरेकोआय-व्ययकोअनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवाशुल्क, दस्तुर वापत अनुमानित रु३५०००००।-प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु ५०९७६३६।५२ अर्थात अनुमान भन्दा ६८।६५ प्रतिशत बढी आय प्राप्त गरेको छ। आम्दानीका अन्यस्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्ने तर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।</td><td></td></tr>
<tr><td>१८.२</td><td></td><td></td><td>आन्तरिक आयः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br><br><table><tr><td>केन्द्रिय अनुदानबाट खर्च</td><td>आन्तरिक आय</td><td>आन्तरिक आय प्रतिशत</td></tr><tr><td>३७३७३४५९१।११</td><td>५०९७६३६।५२</td><td>१.३६</td></tr></table><br>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.३६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>नियम विपरित खर्च-</td><td>३०८,१०७</td></tr>
</table>

नियम विपरित खर्च- आर्थिक कार्यविधि नियमाली २०६४ को नियम ३५(३) सम्बन्धित उप शिर्षकमा विनियोजित एस समूहको खर्च शिर्षकको रकम नम्बरमा अपर्याप्त छ र सो रकम खर्च नगरेमा सरकारी हानी नोक्सानी हुने वा सरकारी काममा बाधा पर्ने देखिएकोमा सो को स्पष्ट कारण खुलाई सोही उपशिर्षकको अर्को समूहको खर्च शिर्षकको मौजुदा रकमबाट खानेगरी यस्तो काम भएको सात दिनभित्र यसरी खर्च गरेको रकम नियम ३८ बमोजिम नियमित गराउन पर्नेछ भन्ने उल्लेखित भएता पनि निम्न अनुसार अन्य निकाय तथा कार्यालयहरुको निम्न अनुसार खर्च यस कार्यालयले लेखेकोमा सो मा नियन्त्रण गर्नुपर्ने रू.

| सि.नं. | मिति | कार्यालयको नाम | रकम |
|---|---|---|---|
| १६ | ०७८।०६।०७ | कार्यालय प्रमुख महादेव भट्ट | ६८००। |
| ७४ | ०७९।०८।१४ | प्रहरी चौकी भान्सा घर मर्मत | ५७४०७। |
| ७५ | ०७९।०८।१४ | अस्थाई प्रहरी पोष्ट जैसेरा<br>बडाल प्रहरी चौकी | १३०००।<br>१००००। |
| १२० | ०७९।०८।२३ | अस्थायी प्रहरी विट जैसेरा | १००००। |
| २१९ | ०७९।११।०३ | इन्द्र बहादुर देउवा | १५७५०। |
| २३३ | ०७९।११।१२ | सदस्य जि.स.स. हिम राज अवस्थी | २००००। |
| ३३३ | ०७९।०२।१३ | भात्काँडा प्रहरी चौकी र बडाल चौकी | ५०००। |
| ४२० | ०७९।०३।२० | नेपाल निजामती कर्मचारी युनियन | २००००। |
| ४३१ | ०७९।०३।२३ | सुराकी परिचालन रकम | ११४०००। |
| ८२ | ०७९।०१।०९ | गाउँपालिका राष्ट्रिय महासंघ | २००००। |
| १२ | ०७८।१०।१२ | प्रास केशव राज जोशी | ५१००। |
| | | इकाई प्रमुख राम दत्त भट्ट | ६८००। |
| | | का.स. दिनेश प्रसाद भट्ट | ४२५०। |

<table>
<tr><td>२०</td><td></td><td></td><td>सफ्टवेयर खरिद -<br><br>नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदानं .४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नकालागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनु पर्ने व्यबस्था रहेको छ। स्थानीय तह ले सम्बन्धीत सफ्टवेयर खरिद गरी देहाय बमोजिम रु.४९७२००।खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभाग बाट स्वीकृत लिएको देखिएन।यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>सार्वजनिक परीक्षण -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>डीपीआर खर्च<br><br>बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।<br><br>
<table>
<tr><th>कार्य विवरण</th><th>परामर्शदाता</th><th>स्वीकृत रकम</th><th>खर्च रकम</th><th>अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत</th></tr>
<tr><td>पारिवन खानेपानी र सेल्त डा खानेपानीको DPR वाफतको रकम भुक्तानी</td><td>आधार शिला परामर्श तथा निर्माण सेवालाइ</td><td>४९७२००।-</td><td>४९७२००।-</td><td>१७६९२८०६.९६</td></tr>
<tr><td>रडुवा कलारीमाण्डौं गणेश पुर सडकको IEE वापतको रकम भुक्तानी</td><td>मस्क डियर इन्जिनियरिङ्ग</td><td>४९८०४७।५०</td><td>४९८०४७।५०</td><td>रिपोर्टमात्र प्राप्त</td></tr>
<tr><td>औधोगिक ग्राम</td><td>ड्रिम डेभलपर्स</td><td>१००४७५२।</td><td>१००४७५२।</td><td>२१५०२१०९४.०५</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | | | जम्माः | | १९९९९९९।५० | १९९९९९९।५० | २३२६५३९०१.०१ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

२३

**सव कन्ट्याक्टरबाट काम गराएको :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्क्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । देहायका उपभोक्ता समितिले काम आफै गर्ने गरी सम्झौता गरेकोमा देहायका निर्माण व्यावसायीबाट काम गराएको देखियो । नियमावलीमा भएको व्यवस्था विपरित काम गराउने उपभोक्ता समिति, जाँचपास गर्ने प्राविधिक तथा सिफारिस कर्ता एवं अनुगमन कर्तालाई यस सम्बन्धमा जिम्मेवार वनाउनु पर्दछ ।

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| ७९/२०७९-०१-०७ | भाउनी भिरकट्टे सडक निर्माण | सडक निर्माण | २८८००० | जे.सि.भि. | ३२२८७५ |
| ७१/२०७-१२-०८ | सुईडे सडक निर्माण समिति | सडक निर्माण | १९८५९८ | जे.सि.भि. | २२६१३६ |
| ६६/२०७८-११-२५ | मट्याल खाली सडक निर्माण उ.स. | सडक निर्माण | १५१३२९ | जे.सि.भि. | १७१०९० |
| ६५/२०७८-११-२५ | भेटा सडक निर्माण उ.स. | सडक निर्माण | ९५६८७ | जे.सि.भि. | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५०/२०७८-१०-२५ | जनता मावि कान्तिपुर सडक निर्माण उ. स. | सडक निर्माण | ८५१३६७ | जे.सि.भि. | ४३३३५५ |
| १६/२०७८-०८-१५ | देवल कैलपालमाण्डु सडक निर्माण उ.स. | सडक निर्माण | ३००१४३४ | जे.सि.भि. | ३३८९००४ |
| १४/२०७८-०८-१५ | चोरेला ग्रामिण सडक निर्माण उ.स. | सडक निर्माण | १७८०३६३ | जे.सि.भि. | २२०२५२० |
| ३६/२०७८-०९-१४ | साहुखर्क डडिया सिल्लेखोला सडक मर्मत तथा सरसफाई उ.स. | सडक निर्माण | ६६२०५९ | जे.सि.भि. | ७४८८७३ |
| १०/२०७८-०८-१३ | साहुखर्क सिल्लेखोला सडक निर्माण उ.स. | सडक निर्माण | २३१४४४४ | जे.सि.भि. | २८२९११३ |
| ८/२०७८-०८-१३ | साहु खर्क सिल्ले खोला सडक मर्मत उ.स | सडक निर्माण | २४३३७२ | जे.सि.भि. | ० |
| ४/२०७८-०७-११ | चौकामाण्डौ गनेडा सडक निर्माण उ.स | सडक निर्माण | २२२९४०४ | जे.सि.भि. | २७२६७७२ |
| ३५/२०७८-०९-१४ | वडा कार्यालय देखि सुन्ना फल्टाडी सडक मर्मत तथा सरसफाई उ.स | सडक निर्माण | ४७२९०० | जे.सि.भि. | ५३४९२८ |
| २८/२०७८-०९-०२ | बन्तोल सडक निर्माण उ.स | सडक निर्माण | ११३००८२ | जे.सि.भि. | १२८९४८४ |
| २६/२०७८-०९-०१ | पातलथेउरा सडक निर्माण भात्कॉडा | सडक निर्माण | २९७९२८ | जे.सि.भि. | ३३६८५० |
| २१/२०७८-०८-२८ | वडा नं. १ सडक सरसफाई उ.स. | सडक निर्माण | १७४९४१३ | जे.सि.भि. | २१४७५१६ |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१०७/२०७९-०२-१७</td><td>जनता मा वि सकायल सडक निर्माण उ स</td><td>सडक निर्माण</td><td>१४२२९४</td><td></td><td>०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१५६०८६७४</td><td></td><td>१७३५८५१६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>आम्दानी खर्चः<br><br>डोजर आम्दानी : यस पालिकाले डोजर मार्फत सेवा उपलब्ध गराएकोमा ड्राइभर र हेल्पर खर्च प्रति महिना रु.४००००।— दशै खर्च समेत १३ महिनाको रु.५२००००। मर्मत खर्च रु.१२०५०८७।८९ समेत जम्मा रु.१७२५०८७।८९ खर्च भएको देखिएको छ भने डोजर आम्दानी तर्फ रु.५१४१७२। मात्र भएकोले आम्दानी भन्दा खर्च बढी देखिएकोले आम्दानी बढाउने तर्फ पालीकाले ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च— पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु१००००००।- भुक्तानी दिएको पाईयो ।<br><br>
<table>
<tr><th>सि.नं.</th><th>भुक्तानी पाउने संस्थाको नाम</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>१</td><td>नेफरी मिडिया प्रा.लि.</td><td>गाउँपालिकाको वृत्तचित्र निर्माण</td><td>५०००००।-</td></tr>
<tr><td>२</td><td>दैलो टेक्नोलोजी</td><td>राजश्व संकलन सफ्टवेयर</td><td>५०००००।-</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१००००००।-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>खाना तथा विविध खर्चः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्यय को बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले यसवर्ष खाना तथा विविध तर्फ मात्र रु११४७८४८।-खर्च गरेको छ। यसरी कार्यक्रम वेगर वा कुनै विशेष अवसर वेगर खाजा तथा खानामा खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>सल्लाहकारको भुक्तानीः</td><td>२८०,०००</td></tr>
</table>

आर्थिक कर्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धि नियमावली २०७७ को नयम ५७(१) अनुसार कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित विल भर्पाई तथा अन्य कागजात सिल सिलेवार राखु पर्ने व्यवस्था छ । गाउँपालिकाले निर्णय गरी ३ जना सल्लाहकारहरु नियुक्ती गरेकोमा निम्न अनुसार सल्लाहकार भुक्तानी गरेकोमा नियम सम्बत नदेखिएको रु

| क.सं. | पद | सल्लाहकारको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १ | प्रेस सल्लाहकार | श्री मनोज बहादुर देउवा | ८००००। |
| २ | कानुनी सल्लाहकार | श्री रोहीत बहादुर देउवा | १०००००। |
| ३ | राजनितिक सल्लाहकार | श्री प्रकाश बहादुर देउवा | १०००००। |

२८ **स्थानीय तहका पदाधिकारी सुविधा** : नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु४८८८५००।-सुविधा वापत भुक्तानी भएको छ ।

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष ५ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य १५ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | | | | | | |
| २ | यातायात खर्च | | ९००० | २००० | ० | ० | ११००० |
| ३ | टेलिफोन,मोबाइल | ६००० | ५००० | १७५०० | १८००० | ३०००० | ७६५०० |
| ४ | पुस्तक,पत्रीका, ईन्टरनेट | ५००० | ४५०० | २०००० | १८००० | ३०००० | ७७५०० |
| ५ | समन्वय तथा सहजीकरण | ९००० | ७००० | ३०००० | ३०००० | ४५००० | १२१००० |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६</td><td>अतिथि सत्कार</td><td>१००००</td><td>९०००</td><td>३५०००</td><td>०</td><td>०</td><td>५४०००</td></tr>
<tr><td>७</td><td>खानेपानी/बिजुली/<br>सरसफाई</td><td>३५००</td><td>३०००</td><td>१००००</td><td>१२०००</td><td>१५०००</td><td>४३५००</td></tr>
<tr><td>८</td><td>चाडपर्व खर्च</td><td>२५०००</td><td>२२५००</td><td>८००००</td><td>५४०००</td><td>१०५०००</td><td>२८६५००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५८५००</td><td>६००००</td><td>१९४५००</td><td>१३२०००</td><td>२२५०००</td><td>६७००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>स्वकिय सचिव को भुक्तानी :<br><br>गन्यापधुरा गाउँपालिकाको स्थानीय सरकार संचालनऐन, २०७४ को दफा १०२ बमोजिम गन्यापधुरा गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका २०७७ को दफा (१९) बमोजिम गाउँपालिकाको प्रमुख को स्वकीय सचिवको रुपमा तलब भत्ताभुक्तानी हुनेगरी श्री प्रेम बहादुर मल्ललाई नियुक्त गरी मासिक रु १८०००।-का दरले रु.१८००००।भुक्तानी गरेको देखिएको नियमसम्मत नदेखिएको रु</td><td>१८०,०००</td></tr>
<tr><td>३०</td><td></td><td></td><td>स्वास्थ्य तर्फ :<br><br>औषधी खरिद– सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्रीमूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भएछ।तर स्थानीय तहहरुले उक्त प्रक्रिया वेगर रु २३७८९०० काऔषधि चौमासिक आवश्यकता अनुसार पटक पटक सोझै खरिद गरेको छ।यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छन ।<br><br>• खरिदगरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,<br>• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,<br>• औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।<br>• तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसार कै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | • समानिकरण गा.पा. अनुदान कार्यक्रम बाट ७ वटा वर्थिङ्ग सेन्टर का कर्मचारी हरुलाई नाइट सेवा वापत खाजा खर्चरु.४५००। कादरले रु. ३७८०००।—र राष्ट्रिय महिला स्वास्थ्य स्वयं सेविका हरुलाई सञ्चार खर्च तथा प्रोत्साहन तथा खर्च वापत मासिक ५००।—कामदरले ६०००।—जम्मा ३५४०००।—समेत जम्मा रु ७३२०००।—खर्च लेखेको पाइयो। यसरी गर्दा आन्तरीक आयतर्फ ध्यान जान जरुरी छ। | |
| ३१ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम —**<br><br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन/बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन। कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको,अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ३०२ जनालाई रोजगारी उपलव्ध गराई रु १७४२५४०० खर्च गरेको छ । लक्षित वर्गलाई ९० दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ३२ | | | **वार्षिक प्रतिवेदन**<br><br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ४५ मा स्थानीय विपद वस्थापन समितिले प्रत्येकआर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद वस्थापन समिति तथा प्रदेश विपद् वस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ।पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समिति मा पेस गरेको पाइएन।ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ। | |
| ३३ | | | **शिक्षा तर्फ :** | |
| ३३.१ | | | **प्रमाण पेशगर्नु पर्ने-** राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममा परेका निम्नानुसार विद्यालयहरुको नाममा दुई कोठे र चार कोठे भवन निर्माणको लागि निम्नानुसार विद्यालयहरुको नाममा निकासा खातामा जम्मा गरी खाता रोक्का गरेको देखियो । शिक्षा तथा मानव विकास केन्द्र च.नं. २२५ | १७,२००,००० |

२०७९।०३।१७ को पत्रानुसार कोभिड १९ प्रभावका कारण भएको ढिलाइ त्रैमासिक श्रोत फुकुवामा भएको ढिलाइ र स्थानीय तहको निर्वाचन केन्द्रित गतिविधि जस्ता प्राविधिक तथा प्रशासनिक कारणले उक्त क्रियाकलापहरु चालू आ.व. २०७८।०७९ भित्र सम्पन्न गर्न प्राविधिक एवम व्यवहारिक रुपमा पनि कठिनाइ हुने देखिएकोले विद्लायको आर्थिक वर्ष विनियोजित वजेटबाट कार्य सम्पन्न हुन नसकेको अवस्थामा उक्त विद्यालयहरुलाई सोही प्रयोजनको लागि आगामी आर्थिक वर्षको लागि बजेट विनियोजन नभएकोले लेखा परिक्षण प्रतिवेदन सामाजिक परिक्षण लगायतको सम्बन्धित विद्यालयहरुलाइ नै जिम्मेवार र जवाफदेही बनाउने उद्देश्य अनुरुप स्वीकृत कार्यक्रमको लागि विनियोजित भएको रकम सम्बन्धित विद्यालयहरुलाइ यथासिघ निकासा दिइ निर्माण कार्य सम्पन्न नभइ बाँकी रहेको रकम रोक्का राखी प्रगतिको आधारमा रकम फुकुवा गर्ने गरी सम्पन्न हुन बाकी काम यथाशिघ्र सम्पन्न गराउने आवश्यक व्यवस्था मिलाउन हुन यस केन्द्रको मिति २०७९।०३।१७ निर्णय अनुसार ८ विद्यालयलाई रु १७२०००००। निकासा गएको छ । यसरी आ.व.को अन्त्यमा निकासा दिनु उचित देखिएन बाँकी रहेका विद्यालयको खाता रोक्का राखेको रकमको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने अन्यथा सञ्चित कोषमा दाखिला हुनुपर्ने रू.

| गो.भौ.नं. | मिति | विद्यालयको नाम | रकम |
|---|---|---|---|
| ६१ | ०७९।०२।१३ | सरस्वती मावि भात्काँडा | १००००००। |
| ६१ | ०७९।०२।१३ | आदर्श प्रावि गन्यापधुरा-१ डुम्राखोली | १८०००००। |
| ६१ | ०७९।०२।१३ | दुर्गा प्रावि गन्यापधुरा-५ मोइ | १८०००००। |
| ६१ | ०७९।०२।१३ | लाटामाण्डौं आ.वि. गन्यापधुरा-४ रुमायल | ३६०००००। |
| ६१ | ०७९।०२।१३ | आदित्य आ.वि. गन्यापधुरा-३ नवलपुर | १८०००००। |
| ४३ | ०७९।०२।१३ | जनता मा.वि. गन्यापधुरा-३ सकायल | ३६०००००। |
| ४३ | ०७९।०२।१३ | समैजी आ.वि. गन्यापधुरा-३ गौलीगाउँ | १८०००००। |
| ४३ | ०७९।०२।१३ | चित्रकुट प्रा.वि. गन्यापधुरा-१ जर्मना | १८०००००। |
| | | कुल जम्मा | १७२००००० |

३३.२ **शिक्षक दरवन्दी र पदपूर्ति** -स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २३ वटा सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | विद्यालयकोनाम | शिक्षकदरबन्दी | पदपूर्ति | पदपूर्तिमध्येकरार | विद्यार्थीसङ्ख्या |
|---|---|---|---|---|---|
| १ | आदर्शप्रावि गन्यापधुरा-१, डुम्राखोली | ३ | ३ | २ | ६९ |
| २ | चित्रकुट प्रावि गन्यापधुरा-१, जर्मना | ३ | ३ | २ | ४२ |
| ३ | असिग्राम आवि गन्यापधुरा-१, राउनाकोट | ४ | ४ | ३ | १०५ |
| ४ | असिग्राम मावि गन्यापधुरा-१, रुवाखोला | १४ | १४ | ६ | ३२८ |
| ५ | सरस्वती मावि गन्यापधुरा-१, भात्काँडा | १२ | १२ | ४ | २९५ |
| ६ | दौपाल प्रावि गन्यापधुरा-१, आटागाउँ | १ | १ | १ | ३८ |
| ७ | भुवनेश्वरी आवि गन्यापधुरा-२, चम्साल | ५ | ५ | ३ | १०० |
| ८ | लाटागन्याप प्राविगन्यापधुरा-२, मालिगाउँ | ३ | ३ | १ | ७३ |
| ९ | सिमेश्वर प्रावि गन्यापधुरा-२, कुजाकोट | ३ | ३ | १ | १०५ |
| १० | दरपुर आवि गन्यापधुरा-२, कोरगाउँ | ६ | ६ | ४ | ९४ |
| ११ | समैजी प्रावि गन्यापधुरा-२, थलकोट | ३ | ३ | ३ | ६२ |
| १२ | गणेश मावि गन्यापधुरा-२, बडाल | १५ | १५ | ४ | ४०१ |
| १३ | गणेश प्रावि गन्यापधुरां-४, मेड्डी | २ | २ | १ | ५५ |
| १४ | जनता प्रावि गन्यापधुरां-५, कोराल | ३ | ३ | १ | ९६ |
| १५ | दुर्गा प्रावि गन्यापधुरां-५, मोइ | ३ | ३ | १ | ९० |

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | सरस्वती प्राविगन्यापधुरां-५, कापडीगाउँ | ३ | ३ | १ | ८८ |
| १७ | भुवनेश्वरी मावि गन्यापधुरां-४, जैसेरा | १५ | १४ | ७ | ५३८ |
| १८ | सीताराम मावि गन्यापधुरां-५, रेल | ७ | ७ | ४ | ३०९ |
| १९ | लाटामाण्डु आवि गन्यापधुरां-४, रुमायल | ७ | ७ | ३ | २९५ |
| २० | समैजी आवि गन्यापधुरा-३, गौलीगाउँ | ४ | ४ | १ | १६४ |
| २१ | आदित्य आवि गन्यापधुरा-३, नवलपुर | ६ | ६ | ४ | २११ |
| २२ | जनचेतना प्रावि गन्यापधुरा-३, रुलाकोट | ३ | ३ | १ | ४० |
| २३ | जनता मावि गन्यापधुरा-३, सकायल | १४ | १४ | ५ | ६३८ |
| जम्मा | | १३९ | १३८ | ६३ | ४२३६ |

माथिको विवरण अनुसार यस गाउँपालिकामा रहेका २३ विद्यालयहरुमा १३९ शिक्षक दरबन्दी रहेकोमा १३८ पदपूर्ति भइ ६३ पदपूर्ति करार मार्फत भएको देखिन्छ । स्थायी पदपूर्ति गर्नेतर्फ ध्यान जानुपर्ने देखिन्छ । त्यस्तै दौपाल प्रावि गन्यापधुरा १ आटागाउँमा शिक्षक दरबन्दी १ मात्र रहेको र विद्यार्थी संख्या ३८ , गणेश प्रावि गन्यापधुरा ४ मा शिक्षक दरबन्दी २ र विद्यार्थी संखया ५५ रहेको छ । १ देखि ५ कक्षा सम्म सञ्चालन रहने प्राथमिक विद्यालयमा १ वा २ शिक्षकबाट अध्यापन हुनु गुणस्तरिय नहुने देखिएकोले दरबन्दी बढाउने वा विद्यालय समायोजन गरी सञ्चालन गर्ने विषयमा ध्यान जानुपर्ने देखिन्छ ।

३४ **परामर्श सेवा —**

सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउनेर बढी दक्षता आवश्यक पर्नेकार्य अनुसार परामर्शसेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्थाछ । तर पालिकाले देहाय अनुसारका परामर्श सेवाको खरिद गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु १०५६२००। खर्च लेखेका छन्।पालिकाले स्थानीय विकास मा टेवा पुग्ने तथा दीर्घकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्ति बाट हुननसक्ने कार्यको लागि प्रतिस्र्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सोगरेको देखिएन।

३५

**अधुरा आयोजना —**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षा मा प्रगति कम हुनुका प्रमुख कारणहरु र सो को निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षा मा सुधारका लागि चाल्नुपर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो वर्ष देहायअनुसार रु. ६४७४३५१९।२१ का ३ योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ। यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ। यसरी कानून विपरीत सम्झौता गरी बषौ सम्म पनि सम्पन्न नगरी अधुरो रहनगएको उपयुक्त देखिएन।

| क्र.सं. | निर्माण कार्य | निर्माण व्यवसायी | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | यो वर्ष सम्मको खर्च | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|
| १ | गाउँपालिकाको प्रशासकीय भवन निर्माण | सोवर्ण भिभा जे.भी. | २०७८।०९।२२ | २०८१।०९।२० | ११४२८ (मोबिलाइजेसन) | १०% |
| २ | गौलीगाउँ खानेपानी तथा साजबाटा तटबन्ध निर्माण | एस.के. कन्स्ट्रक्सन | २०७७।०३।०४ | २०७९।०६।३० | ८४१० | ८५% |
| ३ | सेल्तडा खानेपानी | निस्चल कन्स्ट्रक्सन प्रा.लि. | २०७८।११।०२ | २०७९।०६।३० | ० | ० |

३६

**कन्टिन्जेन्सी खर्च :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम१०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपालसरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५को निर्णय अनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशत भन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ। कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ। कार्यालयले आ.व २०७८/७९ मा कन्टीन्जेन्सी बापत रु १८३६६०९।- कट्टी गरेको छ।यसरी कट्टी गरेको रकमको कार्यक्रम गत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नुपर्नेमा राख्ने गरेको छैन।

<table>
<tr><td>३७</td><td></td><td></td><td>सामाजिक सुरक्षा तर्फ</td><td></td></tr>
<tr><td>३७.१</td><td></td><td></td><td>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १२ मा लाभग्राहीको नाम खर्ता तथा नविकरण, लगत कट्टा, तोकिएको मितिभित्रै परिचय पत्र नविकरण गरि सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने उल्लेख छ यस गाउँपालिकाले सो कार्यविधि अनुरुप समयमै लगत कट्टा गर्ने, विवरण अध्यावधिक गर्ने गरेको पाइएन ।</td><td></td></tr>
<tr><td>३७.२</td><td></td><td></td><td>सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १३ नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायमहुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्ने व्यवस्था रहेको छ । यस आर्थिक वर्षमा यस गाउँपालिकाले सामाजिक सुरक्षावापत रु ७१७६२४४३ खर्च गरेको छ । यस गाउँपालिकामा व्यवस्थापन सुचना प्रणालीको समयमै अध्यावधिक गर्ने कार्य भएको छैन ।मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकामा लगातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेखबाट कट्टा गर्नुपर्ने व्यवस्था रहेकोमा सामाजिक सुरक्षाको मुल अभिलेख पेश भएको छैन । यसले गर्दा लाभग्राहीको यथार्थ तथ्याङ्क एकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण — स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले समपरीक्षणको लागि रु ५४९४४५५ पेश भएकोमा प्रमाण कागजातका आधारमा रु.५४९४४५५।— फछ्र्यौट भइ निम्न अनुसारका दफाहरुको समपरीक्षण गरियो ।
<table>
<tr><th>आ.व.</th><th>सि.नं.</th><th>दफा</th><th>व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>२०७४।०७५</td><td>१</td><td>४५</td><td>नापी किताब पेश नभएको</td><td>३४३९१००।०३</td></tr>
<tr><td>२०७५।०७६</td><td>२</td><td>४८</td><td>भ्रमणआदेशवेगरअनुगमनखर्च</td><td>४८७०००।-</td></tr>
<tr><td>२०७५।०७६</td><td>३</td><td>५२</td><td>विविधखर्चबैठकप्रमाणपेशगर्नुपर्ने</td><td>८८२९६७।-</td></tr>
<tr><td>२०७६।०७७</td><td>४</td><td>३६</td><td>अग्रिमकट्टानगरेकोकट्टीगरीराजश्वदाखिला</td><td>७५०००।-</td></tr>
<tr><td>२०७६।०७७</td><td>५</td><td>४६</td><td>नापिकितावपेशनभएकोमाप्रमाणपेशभएकव</td><td>६१०३८८।-</td></tr>
<tr><td></td><td></td><td></td><td>कुल जम्मा</td><td>५४९४४५५</td></tr>
</table></td><td></td></tr>
</table>